# सुरुङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८३।०८४
चलानी नं.:

---

**आँपजन्य परिकार उत्पादन तथा उद्योग सञ्चालनका लागि संस्था छनौट सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मिति: २०८३/०५/०८**

सुरुङ्गा नगरपालिकाको "सुरुङ्गा नगरपालिका आँप तथा फलफूल प्रशोधन उद्योग सञ्चालन, व्यवस्थापन, सहलगानी तथा अनुदान कार्यविधि, २०८३"बमोजिम स्थानीय आँपको मूल्य अभिवृद्धि गरी विभिन्न आँपजन्य परिकार उत्पादन, प्रशोधन तथा बजारीकरण गर्ने उद्देश्यले लागत साझेदारीमा उद्योग सञ्चालन तथा व्यवस्थापन गर्न इच्छुक योग्य संस्थाबाट प्रस्ताव आह्वान गरिएको छ।

**<u>योग्यता तथा आवश्यक मापदण्ड:-</u>**

- कृषि सहकारी/संस्था/कृषक समूहको विधान,परिचय,कार्यसंचालन प्रकृया,भौतिक तथा वित्तीय स्रोत सम्बन्धि विवरण।
- प्रचलित कानून बमोजिम दर्ता तथा नवीकरण भएको संस्था/सहकारी/कृषक समूह हुनुपर्ने।
- कृषि,कृषि प्रशोधन, फलफूल उत्पादन वा कृषि उद्यम क्षेत्रमा कार्य गर्न अनुमति प्राप्त गरेको हुनुपर्ने।
- दर्ता/नवीकरण,२०८२/०८३ को करचुक्ता प्रमाणपत्र नभए २०८१/०८२ को करचुक्ता प्रमाणपत्र ।
- आँपजन्य परिकार उत्पादन, व्यवस्थापन तथा बजारीकरण सम्बन्धी संक्षिप्त कार्ययोजना पेश गर्नुपर्ने।
- नगरपालिकाले बढीमा ७०% अधिकतम रकम रु १०,००,०००/- (दश लाख मात्र) व्यहोर्नेछ ।
- कुल स्वीकृत लागतको बढीमा ७०% नगरपालिका र कम्तीमा ३०% छनौट हुने संस्थाको लागत साझेदारी रहने गरि प्रस्ताव पेश गर्नूपर्ने।
- कालोसूचिमा नपरेको र प्रचलित कानून बमोजिम अयोग्य नरहेको स्वघोषणा ।
- प्रस्ताव पेश गर्दा प्राविधिक तथा आर्थिक प्रस्ताव एउटै खाममा शिलबन्दी गरि पेश गर्न सकिने छ ।
- सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको संस्थालाई विशेष ग्राह्यता दिईनेछ ।
- प्रस्ताव वापत रु.१०००/-को एनएमबि बैकमा सुरुङ्गा नगरपालिकाको नाममा रहेको खाता नं १०९००७३५२९००००८६ मा रकम जम्मा गरेको सक्कल भौचर वा सुरुङ्गा नगरपालिको राजश्व शाखामा रकम बुझाएको सक्कल रसिद ।

इच्छुक संस्थाले आफ्नो कानूनी कागजात, अनुभव प्रमाण, संक्षिप्त कार्ययोजना तथा ३० प्रतिशत लागत साझेदारी गर्ने प्रतिबद्धता सहित यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयभित्र **अनुसूची–१ र अनुसूची–३** बमोजिमको ढाँचामा प्रस्ताव भरि यस नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ। प्राप्त प्रस्तावहरू कार्यविधि तथा तोकिएको मापदण्ड बमोजिम मूल्याङ्कन गरी संस्था छनौट गरिनेछ।

# सुरुङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मधुपट्टी, सप्तरी
मधेश प्रदेश, नेपाल


पत्र संख्याः २०८३।०८४

चलानी नं.:

---

अनुसूची–१

## संस्था छनोटका लागि पेश गर्नुपर्ने प्रस्तावका मुख्य विषय

१. संस्थाको परिचय र कानूनी अवस्थाः-
२. विगतको अनुभवः-
३. वित्तीय क्षमताः-
४. उद्योग सञ्चालन योजनाः-
५. वार्षिक उत्पादन योजनाः-
६. प्रस्तावित आँपका परिकारहरूको विवरणः-
७. बजार तथा बजारीकरण योजनाः-
८. स्थानीय कृषकबाट कच्चापदार्थ खरिद योजनाः-
९. संस्थाको नगद तथा अन्य सहलगानीको स्पष्ट विवरणः-
१०. कार्यशील पूँजी व्यवस्थापन योजनाः-
११. रोजगारी सिर्जना योजनाः-
१२. जोखिम व्यवस्थापन योजनाः-
१३. पाँच वर्षको व्यावसायिक दिगोपना योजना :-

विकास सुन्दास
प्रमुख प्रशासकीय अधिकृत

सुरुङ्गा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मधुपट्टी, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्याः २०८३।०८४

चलानी नं.:

---

अनुसूची–३

## अनुदान प्रस्ताव तथा वार्षिक कार्ययोजनाको ढाँचा

१. संस्थाको नाम:

२. ठेगाना:

३. दर्ता नम्बर:

४. उद्योग सञ्चालनको प्रस्तावित आर्थिक वर्ष:

५. वार्षिक उत्पादन लक्ष्य:

६. वार्षिक बिक्री लक्ष्य:

७. स्थानीय कृषकबाट खरिद गरिने कच्चा आँप:

८. संस्थाको नगद सहलगानी:

९. संस्थाको अन्य सहलगानी:

१०. नगरपालिकासँग माग गरिएको अनुदान:

११. अनुदान खर्च गर्ने प्रस्तावित क्षेत्र:

१२. सिर्जनाहुने रोजगारी:

१३. बजार विस्तार योजना:

१४. अपेक्षित परिणाम:

संस्थाको तर्फबाट:

नाम:

पद:

हस्ताक्षर:

मिति:

नोट:उद्योगका लागि उपलब्ध भवन,मेसिन तथा अन्य सम्पत्ति नगरपालिकाको स्वामित्वमा रहनेछन्। प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने अधिकार सुरुङ्गा नगरपालिकामा निहित रहनेछ।

विकास सुन्दास

प्रमुख प्रशासकीय अधिकृत

**विकास सुन्दास**

**प्रमुख प्रशासकीय अधिकृत**